# फाल्गुनन्द गाउँ कार्यपालिका बैठक

आ.व. २०७९/८० को बैठक संख्याः ०१

मिति २०७९/०४/१६ गते

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपशिलः

अध्यक्ष श्री वृज हाङ आङदेम्बे

उपाध्यक्ष श्री ठाकुर सिं नेम्वाङ

वडा अध्यक्ष श्री होम प्रसाद आङ्देम्वे

वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ

वडा अध्यक्ष श्री सुखवीर नेम्वाङ

वडा अध्यक्ष श्री दल बहादुर नेम्बाङ

वडा अध्यक्ष श्री विष्णु कुमार चेम्जोङ

वडा अध्यक्ष श्री नारायण प्रसाद आङ्देम्वे

वडा अध्यक्ष श्री देउ कुमार आङदेम्वे

सदस्य श्री विमला लिम्बू

सदस्य श्री आइतमायाँ लिम्बू

सदस्य श्री कमला पराजुली दुलाल

सदस्य श्री हर्कमायाँ नेपाली

सदस्य श्री टंक परियार

सदस्य श्री जसिमायाँ कमिनी

सदस्य श्री निर्मला बमोर्क

| | |
|---|---|
| प्रस्ताव नं. १. | शोक प्रस्ताव सम्बन्धमा । |
| निर्णय नं. 1. | फाल्गुनन्द गाउँपालिका वडा नं. 5 का निवर्तमान वडा अध्यक्ष श्री अविन्द्र प्रसाद चेम्जोङको मिति 2079 साउन १५ गतेका दिन असमायिक निधन भएको प्रति गहिरो समवेदना व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित शोक प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. २. | आर्थिक वर्ष २०७८/७९ को प्रगति समिक्षा र सार्वजानिक सुनुवाई सम्बन्धमा । |
| निर्णय नं. 2. | आर्थिक वर्ष 2078/79 को सम्पुर्ण कार्यहरु सकिएको छ । गाउँपालिकाको समग्र प्रगति हेर्दा सन्तोषजनक नै रहेको जानकारी भयो । आर्थिक वर्ष 2078/79 को अन्तिम चौमासिक र चालु आर्थिक वर्षको पहिलो चौमासिकको सार्वजानिक सुनुवाई गाउँपालिका स्तरीय रुपमा मिति 2079 साउन 25 गते गाउँपालिकाको कार्यालयमा गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. ३. | चालु आ.व. 2079/80 को बजेट छलफल सम्बन्धमा । |
| निर्णय नं. 3. | चालु आ.व. 2079/80 को लागि मिति 2079 असार १० गते बसेको गाउँसभाले पारित गरेको नीति, बजेट तथा कार्यक्रम माथि रहेका अन्योलताहरुको सन्दर्भमा छलफल भयो । उक्त नीति, बजेट तथा कार्यक्रमलाई रेड बुक प्रकाशन गरी कार्यान्वयनमा लैजाने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. ४. | शित भण्डार केन्द्र स्थापनाको लागि जग्गा प्राप्ती सम्बन्धमा । |
| निर्णय नं. 4. | गाउँपालिकाले प्रदेश सरकारसँग साझेदारी गरी सञ्चालन गर्ने अकबरे, सुन्तला तथा आलु लगायत कृषि उत्पादनहरुको भण्डारणका लागि निर्माण गर्ने शित भण्डार केन्द्र निर्माणको लागि आवश्यक जग्गा (राँके बजार आस पास) व्यवस्थापनको लागि तपशिल बमोजिमको संयोजन समिति गठन गर्ने निर्णय गरियोः<br>1. श्री सन्तोष कुमार नेम्बाङ — संयोजक<br>2. श्री सुखविर नेम्बाङ — सदस्य<br>3. श्री दल बहादुर नेम्बाङ — सदस्य<br>4. श्री टंक परियार — सदस्य<br>5. श्री चन्द्र बहादुर सुब्बा, लेखापाल — सदस्य<br>6. श्री सिर्जना बयल्कोटी, कृषि संयोजक — सदस्य सचिव |
| प्रस्ताव नं. ५. | शित भण्डार केन्द्र सञ्चालनका लागि कार्यविधि निर्माण सम्बन्धमा । |
| निर्णय नं. ५. | शित भण्डार सञ्चालनलाई कानून सम्मत र व्यवहारिक बनाउन आवश्यक पर्ने कार्यविधि निर्माणका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्ने गरी कृषि शाखा संयोजक सिर्जना बयल्कोटिलाई मस्यौदा बनाउन जिम्मेवारी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. ६. | मृगौला प्रत्यरोपण, डायलसिस, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई उपचार खर्च सम्बन्धमा । |
| निर्णय नं. ६. | स्वास्थ्य मन्त्रालय र सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति 2079/2/18 गतेको पत्र अनुसार विपन्न व्यक्ति वा विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका 2075 अनुसार मृगौला प्रत्यरोपण, डायलसिस, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई उपचार खर्च दिने व्यवस्था रहेकोले साउन 25 गते भित्र सबै विरामीहरुको तथ्याङ्क संकलन गर्ने र निजहरुले नियमानुसार पाउने उपचार खर्च गाउँपालिको आकस्मिक कोषबाट खर्च गरी स्थास्थ्य मन्त्रालयमा सोधभर्नाको लागि माग गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. ७. | भूमी सम्बन्धी समस्या तथा अव्यवस्थित बसोबासी सहजीकरण समिति सम्बन्धमा सम्बन्धमा। |
| निर्णय नं. ७. | राष्ट्रिय भूमि आयोग जिल्ला समिति पाँचथरको मिति 2079/4/15 को पत्र अनुसार भूमि |

| | |
|---|---|
| | सम्बन्धी समस्या सहजीकरणको लागि गाउँपालिका र वडास्तरीय सहजीकरण समिति गठन गरी काम कारबाही अगाडी बढाउनु पर्ने कानूनी व्यवस्था रहेकोले ७ दिन भित्र सहजीकरण समिति गठन गरी गाउँपालिका र राष्ट्रिय भूमी आयोग जिल्ला समिति पाँचथरलाई जानकारी गराउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| **प्रस्ताव नं. ८.** | विभिन्न योजनाहरुको ठेक्का प्रकृया अगाडी बढाउने सम्बन्धमा । |
| **निर्णय नं. ८.** | चालु आ.व. 2079/80 मा गाउँपालिकाबाट सञ्चालन गर्नुपर्ने सम्पूर्ण योजनाहरुको ठेक्का प्रकृयालाई यथासिघ्र प्रचलित सार्वजानिक खरिद ऐन अनुसार अगाडी बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| **प्रस्ताव नं. ९.** | स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि सम्बन्धमा । |
| **निर्णय नं. ९.** | गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमध्ये विद्यार्थी संख्या बढी भएका, माथिल्लो कक्षा सञ्चालन भएका तर दरबन्दी नरहेका र शिक्षक संख्या कम भई विद्यालय सञ्चालनमा समस्या भोगिरहेका विशेष गरी अंग्रेजी, गणीत र विज्ञान विषयको पठनपाठनमा समस्या भएका विद्यालयहरुमा योग्यता पुगेका इच्छुक नागरिकहरुलाई स्वयंसेवक शिक्षक नियुक्ति गर्नका लागि बनाइएको फाल्गुनन्द गाउँपालिका स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, 2079 लाई स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| **प्रस्ताव नं. 10.** | भूउपयोग बैंक सञ्चालन सम्बन्धमा । |
| **निर्णय नं. १०.** | जिल्ला मालपोत कार्यालय पाँचथरको पत्र अनुसार खेती नगरी बाँझो जमिन राख्ने परिवारहरुबाट बाँझो राख्नु पर्ने कारण समेत खुलाई बाँझो जमिनको विवरण माग भई आएकोले सम्पूर्ण वडामा त्यसरी बाँझो राखिएको/खेती नगरिएको जमिनको विवरण ७ दिन भित्र सम्बिन्धित वडा कार्यालयले सूचना माग गरी गाउँपालिका र जिल्ला मातपोत कार्यालयमा उपलब्ध गराउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| **प्रस्ताव नं.11.** | फाल्गुनन्द गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, 2079 सम्बन्धमा। |
| **निर्णय नं.11.** | फाल्गुनन्द गाउँपालिकामा रहेका मेलमिलाप केन्द्रहरु सञ्चालन सम्बन्धी कार्यविधि 2079 लाई स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| **प्रस्ताव नं.12.** | कार्यपालिका बैठक बस्ने सम्बन्धमा । |
| **निर्णय नं.12.** | फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको 7 र 21 गतेको बस्ने उक्त दिन सार्वजानिक विदा पर्न गएमा भोलिपल्ट नियमित बैठक बस्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| **प्रस्ताव नं.13.** | राँके बजार क्षेत्रमा सडक अधिकार क्षेत्र भित्र रहेका टहरा तथा बजार व्यवस्थापन सम्बन्धमा । |
| **निर्णय नं.13.** | फाल्गुनन्द गाउँपालिकाको वडा नं. 3 र 4 स्थित राँके बजारमा व्यावसायीहरुले मेची हाइवेको अधिकार क्षेत्र भित्र सडकको दायाँ बायाँ पसल तथा विभिन्न मालसामानहरु राखेकाले सवारी तथा नागरिकहरु आवतजावत गर्नमा कठिनाइ भएको भनि जन गुनासो आएकोले सडक डिभिजन कार्यालय, इलाममा उक्त पसल तथा मालसामानहरुलाई व्यवस्थित गरी आवतजावतमा सहजता हुने गरी व्यवस्थापन गर्न लेखिपठाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| **प्रस्ताव नं.14.** | भूउपयोग वर्गिकरण सम्बन्धी बैठक सम्बन्धमा । |
| **निर्णय नं.14.** | गाउँपालिका भरीका भुउपयोग सम्बन्धमा अन्तरक्रिया तथा छलफल गरी कार्यानव्यन गर्नका लागि जिल्ला मातपोत कार्यालय र नापी कार्यालय समेतको सहभागितामा साउन 25 गते बैठक राख्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |


## आर्थिक वर्ष २०७८/७९ को प्रगति समिक्षा

### विषय प्रवेशः

फाल्गुनन्द गाउँपालिकामा जम्मा 7 वटा वडा रहेका छन् । यस गाउँपालिकामा राष्ट्रिय जनगरणा २०७८ को प्रारम्भिक रिपोर्ट अनुसार करिब २२ हजार जनसंख्या रहेको छ । लिम्बु जनजातीहरुको सघन बस्ती रहेको यस गाउँपालिकामा तामाङ, दलित समुदाय, सुनुवार, राई, शेर्पा तगायत खस आर्य समुदायको पनि उल्लेख्य बसोबास रहेको छ । पाँचथरका ८ वठा स्थानिय तहहरुमध्ये जनसंख्याको र क्षेत्रफलको हिसाबले तेस्रो नम्बरमा पर्ने यस गाउँपालिकालाई कृषि उत्पादनको हिसाबले उर्बर मानिन्छ । र बहुसंख्यक परिवार कृषि पेशामा आबद्ध छन् । त्यसपछि वैदेशिक रोजगार, नोकरी, व्यापार व्यावसाय तथा निजी यद्यम गरेर जिविकोपार्जन गरिरहेका पाइन्छन् ।

### गाउँसभा र बजेट विनियोजनः

आर्थिक वर्ष २०७८/७९ को दशौं गाउँ सभाको अधिवेशन तोकिएकै समयमा मिति २०७८ साल असार १० गते सम्पन्न भएको थियो । निवर्तमान अध्यक्ष श्री बीर बहादुर कुरुम्बाङको अध्यक्षतामा बसेको गाउँ सभामा निवर्तमान उपाध्यक्ष श्री देवित्रा कुमारी आङदेम्बेले संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त, समानिकरण अनुदान, राजस्व बाँडफाँड, समपुरक कोष, आन्तरिक राजस्व तथा आन्तरिक स्रोत (मौज्दात) गरी कुल रु. ५९ करोड ७१ लाख १४ हजार ५०६ पैसा ७४ बजेट पेश गर्नु भएको थियो । जसमा गाउँसभाबाट पुँजिगत र चालु खर्च तपशिल बमोजिम स्विकृत भएको थियो



तपशिलः

| क्रसं. | चालु खर्च | पुँजिगत खर्च | कुल जम्मा |
|---|---|---|---|
| १. | रु. 42,59,93,278 | रु. 17,11,21,228 | रु. 59,71,14,506.74 |
| खर्च | | | |

### वडागत बजेट विनियोजन तथा खर्चको समिक्षाः

मिति २०७८ साल असार १० गते बसेको गाउँ सभाले वडाको जनसंख्या, भौगोलिक क्षेत्रफल र त्यहाँको आवश्यकताका आधारमा तपशिल बमोजिम बजेट विनियोजन गरेको थियो ।

| क्रसं. | वडा नं. | जनसंख्या | बजेट | खर्च प्रतिशित |
|---|---|---|---|---|
| 1. | १ नवमीडाँडा | 4477 | रु. 78,00,000 | |
| 2. | 2 इम्बुङ | 2501 | रु. 60,00,000 | |
| 3. | ३ पौवा सारताप | 5507 | रु. 73,00,000 | |
| 4. | ४ चिलिङदिन | 4318 | रु. 73,00,000 | |
| 5. | ५ फाक्तेप | 5185 | रु. 73,00,000 | |
| 6. | ६ आङसराङ मेहेलबोटे | 3432 | रु. 60,00,000 | |
| 7. | ७ आङसराङ पिपलबोटे | 3476 | रु. 60,00,000 | |


बजेट विनियोजनलाई जनसंख्याको बधारमा हेर्दा समानुपातिक नै देखिन्छ । खर्च प्रतिशतको विश्लेषण गर्दा...

### विषयगत शाखाको बजेट तथा खर्चको समिक्षाः

प्रमाणित

गाउँपालिका भरीका नागरिकहरुको आवश्यकता र मागका आधारमा विषयगत रुपमा तपशिल बमोजिम विषयगत शाखाहरुलाई बजेट उपलब्ध गराइएको थियो । विषयगत शाखाहरुमा सबैभन्दा बढी 25 प्रतिशत स्वास्थ्य र सबै भन्दा कम 2 प्रतिशत आयुर्वेद शाखालाई विनियोजन गरिएको देखिन्छ । आर्थिक विकास तर्फ कृषि र पशुपंछीलाई संयुक्त रुपमा हेर्दा पहिलो प्राथमिकतामा राखिएको देखिन्छ भने त्यसपछि स्वास्थ्य र शिक्षालाई जोड दिइएको छ

| क्रसं. | वडा नं. | बजेट | खर्च प्रतिशित |
|---|---|---|---|
| 1. | कृषि विकास शाखा | रु. 37,15,000 | |
| 2. | पशुपंछि सेवा शाखा | रु. 36,71,000 | |
| 3. | शिक्षा | रु. 30,00,000 | |
| 4. | स्वास्थ्य शाखा | रु. 51,40,000 | |
| 5. | आयुर्वेद सेवा शाखा | रु. 5,00,000 | |
| ६. | महिला तथा बालबालिका | रु. 23,00,000 | |
| 7. | न्यायिक समिति | रु. 23,00,000 | |




**खर्च विश्लेषण गर्दा...**

**लक्षित तथा क्षेत्रगत कार्यक्रम तर्फः**

गाउँपालिका भित्र बसोबास गर्ने सम्पूर्ण समुदायको उत्थान, संस्कृति प्रवर्धन तथा विकासका निम्ति समतामुलक सहभागिता सुनिश्चित गर्ने नीति गाउँपालिकाले लिएको छ । गाउँपालिका भित्र रहेका संस्कार संस्कृतिको जगेर्न गर्दै सामाजिक सहभागिता र विकासका निम्ति तपशिल बमोजिम बजेट विनियोजन गरिएको थियो ।

तपशिलः

| क्रसं. | वडा नं. | बजेट | खर्च प्रतिशित |
|---|---|---|---|
| 1. | जनजाती सशक्तिकरण | रु. 12,20,000 | |
| 2. | दलित सशक्तकरण | रु. 14,00,000 | |
| 3. | खस आर्य संस्कृति प्रवदर्धन | रु. 4,00,000 | |
| 4. | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम | रु. 48,42,080 | |
| 5. | बहुक्षेत्रीय पोषण | रु. | |

**सशर्त बजेट तर्फः**

स्थानीय तहले संघीर सरकार तथा प्रदेश सरकारबाट सशर्त रुपमा ब्रजेट प्राप्त गर्ने कानूनी व्यवस्था रहेको छ । मुख्य गरी शिक्षा र स्वास्थ्य तर्फको तलब भत्ता तथा अन्य विविध कार्यक्रम तथा सिंचाई आयोजनाहरुको लागि सशर्त बजेट विनियोजन गरिन्छ । त्यस्तै समपुरक र विशेष अनुदान समेत सशर्त अनुदानको रुपमा नै प्राप्त भएको हुन्छ । आ.व. 2078/79 मा सशर्त बजेट तर्फ प्राप्त अनुदान तपशिल बमोजिम उल्लेख गरिएको छः

तपशिलः

| क्रसं. | चालु खर्च | पुँजिगत खर्च | कुल जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | रु.24,28,64,000 | रु.5,33,30,000 | रु.29,61,94,000 | |

**सामाजिक सुरक्षाः**

नेपाल सरकारले सामाजिक सुरक्षा मार्फत जेष्ठ नागरिक (७० वर्ष माथि) मासिक रु. 4000, एकल महिला/विधवा मासिक रु. 2660, पूर्ण अपाङ्गता भएका व्यक्ति मासिक रु. 3990 र अति असक्त अपाङ्ग मासिक रु. 2128 निर्वाह र उपचार वापत प्राप्त गरिरहेका छन् । फाल्गुनन्द गाउँपालिकामा सामाजिक सुरक्षा लाभग्राहीहरुको संख्या यहाँ उल्लेख गरिएको छ ।

आर्थिक वर्ष 2078/79 मा यस गाउँपालिकामा जम्मा ........ जना लाभग्राहीहरुलाई रु.......... सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

**आकस्मिक तथा प्रकोप व्यवस्थापन कोषः**

फाल्गुनन्द गाउँपालिकाले आम नागरिकहरुको स्वास्थ्य उपचारमा सहयोग गर्न आकस्मिक कोष सञ्चालन कार्यविधि, 2074 जारी गरी बिरामीहरुको उपचारमा अधिकतम रु. 17 हजार सम्म सहयोग गर्ने व्यवस्था गरेको छ । त्यस्तै गाउँपालिकाकाले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी विपद्का घटनाबाट धन जन, घरबार, पशु चौपाया तथा खेतीबालीको क्षति हुन गएमा क्षतिको आधारमा अधिकतम रु. ५० हजार सम्म राहत प्रदान गर्दै आइरहेको छ । आर्थिक वर्ष 2078/79 को लागि उक्त कोषमा विनियोजन गरिएको रकमको विवरण यस प्रकार छ ।

| क्रसं. | कोष | बजेट | खर्च प्रतिशत |
|---|---|---|---|
| १. | आकस्मिक कोष | रु. | |
| 2. | प्रकोप व्यवस्थापन कोष | रु. | |

**सुरक्षित आप्रवासन परियोजना (SaMi)**

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयको साझेदारीमा नेपाल जन उद्दार संघ, पाँचथर मार्फत यस गाउँपालिकामा सुरक्षित आप्रवासन (सामी) परियोजना सञ्चालन हुदै आइरहेको छ । बैदेशिक रोजगारलाई कसरी सुरक्षित बनाउने, आप्रवासीहरुको परिवारलाई आय आर्जनमा कसरी सक्षम बनाउने, आपत् विपदमा परेका आप्रबासीहरुको कसरी उद्दार गर्ने तथा मानसिक रुपमा समस्यामा फसेका आप्रवासी एवं उनको परिवारलाई कसरी सामन्य अवस्थामा फर्काउने ? भन्ने विषयमा यस परियोजना मार्फत कार्यक्रमहरु सञ्चालन हुदै आइरहेको छ । सामी परियोजनामा यस गाउँपालिकाका सबै वडामा थप कार्यक्रम विस्तार गर्न गाउँपालिकाले रु 5 लाख विनियोजन गरेको थियो । उक्त बजेट सहित तपशिल बमोजिमका कार्यक्रमहरु सम्पन्न भएको छ ।

तपशिलः

**गाउँपालिका तर्फः**

गाउँपालिकास्तरीय योजना, कार्यक्रम तथा चालु खर्च गाउँपालिका तर्फ बजेट विनियोजन भएको हुन्छ । गाउँपालिकाको समग्र गतिविधिहरुलाई सम्बोधन गर्ने गरी आर्थिक वर्ष 2078/79 मा गाउँपालिका तर्फ विनियोजन बजेटको अवस्था यस प्रकार रहेको छ ।

| क्रसं. | चालु खर्च | पुँजिगत खर्च | कुल जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | रु.14,57,35,527 | रु.11,75,41,228.74 | रु.36,32,76,755.74 | |

**बजेट, नीति तथा कार्यक्रमको संक्षिप्त समिक्षाः**

फाल्गुनन्द गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम मिति 2078 साल असार 10 गते अध्यक्षबाट नवौं गाउँ सभा समक्ष प्रस्तुत गरिएको थियो । उक्त प्रस्ताव माथी छलफल तथा आवश्यक संशोधन सहित गाउँ सभाले सर्वसम्मत रुपमा पारित गरेको थियो । नीति तथा कार्यक्रममा समेटिए मुख्य रुपमा कृषि-पशुपंछी, स्वास्थ्य, शिक्षा लगायतका मुलभुत विषयहरु समेटिएको थियो । उक्त नीति तथा कार्यक्रमले प्रमुख रुपमा फाल्गुनन्द गाउँपालिकामा बहुसंख्यक समुदायले बोल्ने तथा बुझ्ने लिम्बू भाषालाई गाउँपालिकाको सरकारी कामकाजका भाषाको रुपमा मान्यता दिने र कार्यान्वयन गर्ने नीति लिएको थियो । जसको देश विदेशबाट प्रसंशा समेत भएको थियो । उक्त कार्यक्रमलाई कानूनी प्रकृयाबाट स्थापित गर्न

प्रमाणित

छलफलको क्रममा रहेको छ । त्यस्तै कृषि पशुपंछि विकास तर्फ कृषक परिचयपत्र वितरण गर्ने, सामाग्रीहरु अनुदानमा वितरण गर्ने तथा उन्नत जातका नश्ल सुधार लगायतका विषयहरु समेटिएको थियो । ती कार्यक्रमहरु सञ्चालन गरिएको तथा परिचय पत्र वितरण गर्न तथ्याङ्क संकलन गरी डाटा इन्ट्रिको कार्य भइरहेको छ ।

शिक्षा क्षेत्रमा मातृभाषा पठन पाठनलाई थप विस्तार गर्ने यसको गुणात्मक पक्ष अभिवृद्धि गर्दै लैजाने नीति लिइएको थियो । शिक्षकहरुको क्षमता विकास सम्बन्धी तालिम तथा सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमीक बराबार हुन आउने तलब भत्ताको सुनिश्चितता गरी पठन पाठनमा प्रोत्साहन गरिएको थियो ।

त्यस्तै सम्पूर्ण क्षेत्र, जाती तथा संस्कार संस्कृति लगायत क्षेत्रको विकास संरक्षण तथा संवर्धनका लागि क्षित कार्यक्रमहरु सञ्चालन गर्ने र अधिकतम रुपमा सबैको हक हित स्थापना गर्ने नीति लिइएको थियो । जस अनुसार खस आर्य, दलित, जनजाती तथा अपाङ्गता भएको व्यक्तिहरुको अधिकार तथा संस्कार संस्कृतिका बारेमा कार्यक्रम सफलतापुर्वक सम्पन्न भएको छ ।

समग्रमा नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्था हेर्दा नीति अनुसारको कार्यक्रमलाई बजेट विनियोजन भएको देखिन्छ । आर्थिक वर्ष 2078/79 मा सम्पन्न भएको मुख्य मुख्य कार्यहरु तल उल्लेख गरिएको छः

1. गाउँपालिकाको पाँच वर्षे आवधिक योजना (2078/79-2082/83) निर्माण गरिएको,
2. गाउँपालिकाको पार्श्वचित्र, 2078 प्रकाशन गरिएको,
3. लिम्बू नेपाली शब्दकोष, 2078 प्रकाशन गरिएको,
4. वडा नं. 6 को कार्यालय सम्पन्न भइ सेवा सुचारु भएको,
5. वडा नं. 5 को कार्यालय ठेक्का सम्झौता भइ काम सूरु भएको,
6. लिम्बु भाषालाई कामकाजको भाषाको रुपमा विज्ञ टिमसँग छलफल भइ प्रकृया अगाडी बढेको,
7. जनकल्याण मावि फाक्तेपको ८ कोठे भवन सम्पन्न भएको,
8. गेलि भञ्ज्याङ आङसराङ सडकको बरडाँडा – फाक्तेप खण्ड स्तरोन्नती कार्य सम्पन्न भएको,
9. सत्यहाङ्मा मावि ८ कोठे भवन निर्माण सुरु भएको,
10. गाउँपालिकाको ५ शैयाको अस्पताल निर्माण २९ प्रतिशत काम सम्पन्न भएको,
11. घुर्बिसे पश्चमी कभर्डहल निर्माणको ९० प्रतिशत काम सम्पन्न भएको,
12. भूमि आयोगसँग सझौता भइ दलित र भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन सुरु भएको,
13. मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालयसँग सम्झौता भइ नव प्रवर्तन साझेदारी कोष मार्फत डिजिटल प्लेटफर्म मार्फत सूचना प्रवाह गर्ने कार्यको सुरुवात भएको,
14. फाल्गुनन्द टाइम्सलाई डिजिटल तथा प्रकाशन दुइवटै फर्मेटमा रुपान्तरण गरि प्रकाशन गरिएको,
15. गाउँपालिका भित्रका विभिन्न पर्यटकिय तथा धार्मिक क्षेत्रहरु समेटेर तयार पारिएको जानकारीमुलक ब्रोसर प्रकाशन गरिएको,
16. लक्षित कार्यक्रम अन्तर्गत तान तथा सिलाई मेशिनहरु वितरण गरिएको,
17. मेडपा कार्यक्रम अन्तर्गत ४६ जना नयाँ उद्यमी सिर्जना तर्फ ढाका बुलाई तालिम सम्पन्न भएको,
18. गाउँपालिका भित्र ९ वटा ठुला सिंचाइ आयोजनाहरु निर्माणको अन्तम चरणमा पुगेको, 2 वटा कार्य सम्पन्न भएको,

**स्थानीय तह सदस्य निर्वाचन, 2078**

देशभरीका स्थानीय तहहरुको पहिलो कार्यकाल पुरा भएसँगै मिति 2079 साल बैशाख ३० गते स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएको थियो । फाल्गुनन्द गाउँपालिकामा अध्यक्ष पदमा श्री बृज हाङ आङदेम्बे र उपाध्यक्ष पदमा श्री ठाकुर सिं नेम्बाङ निर्वाचित हुनु भएको थियो । गाउँपालिका अध्यक्षको रुपमा मिति २०७९ साल जेठ ६ गते अध्यक्षको

पद बहाली गर्दै आगामी आर्थिक वर्षमा प्रत्येक वडाबाट ३०/३० जना गरी जम्मा २१० जना अति बिपन्न दलित तथा अपाङ्गता भएका व्यक्तिहरुको निशूल्क स्वास्थ्य विमा गर्ने पहिलो निर्णय गर्नु भएको छ । त्यस्तै उपाध्यक्षले गाउँपालिकाको प्रशासकीय भवन ३ वर्ष भित्रमा सम्पन्न गर्ने तथा सहिदहरुको सम्झनामा पार्क निर्माण गर्ने पहिलो निर्णय गर्नु भएको छ । त्यस्तै वडा सदस्यहरु मध्ये ४ जना महिला सदस्य तथा २ जना दलित वा अल्पसंख्यक समुदायको सदस्य सहित १५ जनाको कार्यपालिका गठन भएको भइसकेको छ ।

**गाउँ सभाको ११ औं अधिवेशनः**

मिति 2079 साल असार १० गते गाउँ सभाको ११ औं अधिवेशन सम्पन्न भएको छ । गाउँ सभाले सशर्त, समानिकरणे, आन्तरिक राजस्व तथा मौज्दात समेत गरी चालु खर्च रु. ३८ करोड ५३ लाख ११ हजार ६९० र पुँजीगत खर्च रु. १५ करोड ७६ लाख गरी कुल रु. ५४ करोड २९ लाख ११ हजार ६९० को बजेट पारित गरेको छ ।

प्रमाणित